नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.: २०६०

मितिः २०८३/०१/१४

विषयः तपोबन सेती खोला अर्धजलाशयुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्रको नवीकरण/म्याद थप सम्बन्धमा।

श्री तपोबन हाइड्रोपावर प्रा. लि.,
सामाखुसी-२६,काठमाण्डौ,नेपाल।
फोन नं.: ९८६००६०३१७

प्रस्तुत विषयमा तँहाबाट तपोबन सेती खोला अर्धजलाशयुक्त जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (अनुमतिपत्र संख्याः वि.वि.वि. ०७९/८०, वि.उ.स. १२३५) को नवीकरण सम्बन्धमा पेश भएको दरखास्त उपर कारवाही हुँदा प्रस्तावित जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र नवीकरण सम्बन्धि विषयमा थप स्पष्ट हुन तपशिल बमोजिमका कागजात/विवरणहरू १५(पन्ध्र) दिन भित्र पेश गर्नुहुन मिति २०८३/०१/११ को विभागीय निर्णयानुसार जानकारी गराईन्छ ।

तपशिल

१. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (पाँचौ संशोधन सहित) को अनुसूची-१ बमोजिमको ढाँचामा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको नविकरणको दरखास्तपत्र र अनुसूची-१ बमोजिम भरिएका आयोजनाको प्रगति सम्बन्धि फारमहरू।
२. प्रस्तुत आयोजनाको संभाव्यता तथा वातावरणीय अध्धयन तर्फको पछिल्लो वर्षको कार्यप्रगती सहित हालसम्मको कार्यप्रगती प्रतिवेदन
३. आगामी वर्षको भावी कार्ययोजना तथा कार्यतालिका।
४. हाल नवीकरणको निवेदनसाथ पेश गरेको भनि भनिएको तर प्राप्त नभएको Feasibility Study Report ।

(अरविन्द कुमार कर्ण)
इन्जिनियर